उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)

वेबसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm1@gmail.com

प.स(Ref. No.) २०८२/०८३
सू.न(Notice No.)

मितिः२०८२/०९/१७

विषयः ३५ दिने सूचना सम्बन्धमा ।

रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं.४ स्थित **अम्फे मुहान गरी ठाकुर मोड खानेपानी आयोजना उपभोक्ता समितिका** अध्यक्ष श्री **नारान दत्त आचार्यले** उत्तरगया गाउँपालिका वडा नं.४ को अम्फेमा पर्ने मुहानको प्रयोग गरी जल उपभोक्ता संस्था दर्ता गरी जलश्रोतको उपयोग अनुमती पाउँ भनी दिनुभएको निवेदन अनुसार **पूर्वमा अमृत बहादुर तामाङको किता नं १९१ को जग्गा, पश्चिममा मुक्तीनाथ आचार्यको किता नं ७४४ को जग्गा, उत्तरमा धन बहादुर लोको किता नं ७४६ को जग्गा र दक्षिणमा शुक्र बहादुर लोको किता नं ५३३ को जग्गा भित्र** चारकिल्ला पर्ने मुहान उपयोग गरी रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं.४ को लागि खानेपानी वितरण गर्न जलश्रोत उपयोग अनुमति सहित जल उपभोक्ता संस्था दर्ता गरिदिनुहुन भनी उत्तरगया जलश्रोत कार्यविधि,२०७५ को अनुसूची-१ बमोजिम निवेदन पेश गर्नुभएकोले जल श्रोत उपयोग अनुमति र जल उपभोक्ता समिति संस्था दर्ता गर्न उत्तरगया जलश्रोत कार्यविधि,२०७५ को दफा १९ को उपदफा (२) बमोजिम यो ३५ दिने सूचना प्रकाशित गरिएको छ।

माथि उल्लेखित चारकिल्ला भित्र पर्ने मुहान उपयोग गर्दा कोही कसैलाई पिरमर्का पर्ने भएमा, आफुलाई पिरमर्काको विवरण खुलाई सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्रमा उत्तरगया गाउँपालिका जलश्रोत समिति अथवा वडा नं. ४ को वडा कार्यालय समक्ष लिखित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त नभएका निवेदन उपर कुनै कारबाही गरिने छैन ।

२०८२/०९/१७
सृष्टि के.सी.
वरिष्ठ शाखा अधिकृत